कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive

Phone No. 035-450039, 035-450296
Email:info@katarimun.gov.np
Website:www.katarimun.gov.np

१ नं. प्रदेश नेपाल
Province No. 1, Nepal
EST. 2071
सहकारी शाखा

पत्र संख्या (Ref.No) :– २०७९/८०
चलानी नं. (Dispatch No.) :– 3080

मिति (Date) :- २०७९/११/१७

# अत्यन्त जरुरी सूचना ।

सहकारी ऐन, २०७४ को दफा ३९(२) तथा कटारी नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २८ (२) बमोजिम कटारी नगरपालिकाभित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुको आगामी २०७९ पौष मसान्तभित्र साधारण सभा सम्पन्न गरी साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र साधारण सभावाट पारित प्रतिवेदन कटारी नगरपालिकाको सहकारी शाखामा बुझाउनु पर्नेमा हालसम्म पनि यस पालिका क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुले साधारण सभावाट पारित भएको प्रतिवेदन नबुझाएको हुदाँ यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र साधारण सभा सम्पन्न गरी साधारण सभावाट पारित प्रतिवेदन बुझाउनुहुन अनुरोध गरिन्छ ।साथै साधारण सभा सम्पन्न गर्दा सहकारी संस्थाको साधारण सभा (कार्य व्यवस्थापन) निर्देशिका, २०७६ तथा देहायका विषयलाई आधार लिनु हुन अनुरोध छ ।

१. सहकारी संस्थामा सदस्य बनाएर मात्र कारोबार गर्ने र सबै सदस्यलाई साधारण सभामा उपस्थितिको लागि आव्हान गर्ने,
२. साधारण सभामा कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभए गणपुरक संख्या नपुग्ने हुँदा गणपुरक संख्या पुर्याएर मात्र साधारण सभा संचालन गर्ने,
३. साधारण सभामा सदस्यहरुको भूमिकालाई अझ सक्रिय बनाउन उद्घाटन सत्रलाई तथा मन्तब्यको कार्यक्रम नराखी सोझै एजेनण्डा उपर छलफल गराएर मात्र पारित गर्ने,
४. लेखा परिक्षण प्रतिवेदन, संचालक समिति तथा लेखा समितिको प्रतिवेदन एवम् पेश हुने अन्य सबै प्रतिवेदन तथा विषय उपर पर्याप्त छलफल गराएर मात्र पारित गर्ने,
५. संचालक समिति तथा लेखा समितिको निर्वाचन हुने भए प्रतलित कानून, मापदण्ड एवम् विनिमय बमोजिमको योग्यता पुगेका सदस्यहरु मध्येवाट निर्वाचित गर्ने,
६. साधारण सभावाट चालु आर्थिक वर्षको संस्थाको हिसाब किताबको लेखा परीक्षक गर्न एकजना लेखा परीक्षक र आवश्यकतानुसार बैकल्पिक लेखा परीक्षकको नियुक्तीको निर्णय गर्ने र निजको पारिश्रमिक तोक्ने,
७. संस्थाको विनियम संशोधन, कार्यविधि, नियमावली, नीति साधारण सभावाट पारित गर्ने,
८. संस्थाको चालु आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम साधारण सभावाटै पारित गर्ने,
९. साधारण सभाको प्रतवेदनमा तपशिल बमोजिमको कागजातहरु समावेश गर्ने

कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
स्था. २०७१
Phone No. 035-450039, 035-450296
Email:info@katarimun.gov.np
Website:www.katarimun.gov.np
१ नं. प्रदेश नेपाल
Province No. 1, Nepal
EST. 2071
सहकारी शाखा


पत्र संख्या (Ref.No) :– २०७९/८०

चलानी नं. (Dispatch No.) :– २४८०

मिति (Date) :- २०७९/११/१७

तपशिल

क) शेयर सदस्यहरुको उपस्थितिको तल तालिकामा उल्लेख भए बमोजिमको प्रमाणित विवरण

| सि. नं. | शेयर सदस्यता नं. | कुल शेयर संख्या | नाम, थर | स्थायी ठेगाना | सम्पर्क नं. | नागरिकता नं./जारी स्थान | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

ख) साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि (अध्यक्ष वा सचिवबाट संस्थाको छाप समेत लगाई),

ग) संचालक समितिका सबै र संचालक समितिका सदस्य भन्दा १ जना बढी शेयर सदस्यको निर्णय प्रमाणित गरेको हुनुपर्ने (जस्तै संचालक ७ जना भए शेयर सदस्य थप ८ जना गरी १५ जना)

घ) आ.व. २०७९/८० सम्मको कर चुक्ता गरेको व्यवसाय दर्ताको प्रमाण-पत्रको प्रतिलिपी (कटारी नगरपालिकावाट)

ङ) लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी, (लेखा परीक्षण गर्दा सहकारी संस्थाको देखा परीक्षण निर्देशिका, २०७५ को अनिवार्य पालना गरेको हुनु पर्नेछ)

च) कर चुक्ता (आ.व. २०७८/७९ आन्तरिक राजस्व कारेयालयको) प्रमाण-पत्रको प्रतिलिपी,

छ) COPOMIS प्रणालीमा सहकारी संस्थाको समष्टिगत विवरण अनिवार्य प्रविष्टी गर्ने,

ज) सहकारी संस्थामा नयाँ संचालक समिति गठन भएको भए नवनिर्वाचित संचालक समितिका पदाधिकारीहरु र लेखा समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपी (यदि कटारी नगरपालिकाभित्र अस्थायी बसोबास गरेको भए वडा कार्यालयवा अस्थायी बसोबास सिफारिस समेत) तिनपुस्ते विवरण तल तालिकामा उल्लेख भए बमोजिमको ढाँचा अनुसार हुनुपर्ने,

| सिं. नं. | बाजे को नाम, थर | बाबुको नाम, थर | पति/पत्नीको नाम, थर | संचालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औंठा छाप | फोटो र फोटोमा पर्ने गरी सही छाप | सम्पर्क नम्बर | केफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

झ) सहकारी संस्थाको तल तालिकामा उल्लेख भए बमोजिमको यर्थाथ विवरण

प्रशासकीय अधिकृत

कटारी नगरपालिका
Katari Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
स्था. २०७१

Phone No. 035-450039, 035-450296
Email:info@katarimun.gov.np
Website:www.katarimun.gov.np

१ नं. प्रदेश नेपाल
Province No. 1, Nepal
EST. 2071
सहकारी शाखा

पत्र संख्या (Ref.No) :– २०७९/८०
चलानी नं. (Dispatch No.) :– 3080

मिति (Date) :- २०७९/११/१७

| सि.नं. | नाम ठेगाना | दर्ता नं. र मिति | किसिम | मुख्य कारोबार | संचालक समितिको संख्या | सदस्य संख्या | | | पछिल्लो आ.व.को वित्तीय विवरण | | | | प्रत्यक्ष रोजगार | कोपोमिसमा आबद्ध भए/नभएको | पछिल्लो आ.व. मा साधारण सभा/लेप. प्रतिवेदन गरे/नगरेको | सम्पत्ती शुद्धिकरण कार्यान्वयन का लागि कार्यान्वयन अधिकारी तोके/नतोकेको | संस्थाको सम्पर्क नं. | व्यवस्थापकको सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म | पु | जम्मा | शेयर पुँजी | बचत | ऋण लगानी | कुल सम्पती | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

पुनश्चः नयाँ दर्ता भएका स्वीकृत प्राप्त सहकारी संस्थाहरुले दर्ता भएको मितिले ३ महिना भित्र प्रारम्भिक साधारण सभा नगरेको पाइएमा र पुराना सहकारी संस्थाको हकमा विगत २ वर्षसम्म कुनै कारोबार नगरी संस्था निस्कृय रहेको पाइएमा कटारी नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ६६ बमोजिम विघटन र दर्ता खारेजीको प्रकृया अगाडि बढाइनेछ ।

अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत